# घरमै पिसिआर परीक्षणका लागि नमूना सङ्कलन गर्ने सम्बन्धी प्रोटोकल, २०७८

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**स्वास्थ्य सेवा विभाग**

**राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला**

**(स्वीकृत मिति २०७८/०२/०३)**

**घरमै पिसिआर परीक्षणका लागि नमूना सङ्कलन गर्ने सम्बन्धी प्रोटोकल, २०७८**

१. बिरामीले इच्छाएको अवस्थामा कोभिड १९ पिसिआर परीक्षणका लागि दर्ता भएका प्रयोगशालाबाट खटिएका स्वास्थ्यकर्मीहरूबाट बिरामीको घरबाटै कोभिड १९ पिसिआर परीक्षणका लागि नमूना सङ्कलन गर्न सकिनेछ ।

२. नमूना सङ्कलन फाराममा नमूना सङ्कलन गराउने सेवाग्राहीको विवरण सँगै स्वास्थ्यकर्मीको नाम, पद, काउन्सिल नम्बर, नमूना सङ्कलन भएको स्थान र समय खुल्ने विवरण हुनुपर्नेछ ।

३. नमूना सङ्कलन गर्दा जाने स्वास्थ्यकर्मीले स्वास्थ्यसंस्थाबाट जारी भएको परिचयपत्र तथा नमूना सङ्कलनका आवश्यक सामग्री सहित जानुपर्नेछ ।

४. नमूना सङ्कलन भएको प्रमाण बिरामीलाई अनिवार्य रूपमा दिनुपर्नेछ । त्यसमा नमूना सङ्कलन भएको स्थान र समय, नमूना सङ्कलन गर्ने स्वास्थ्यकर्मीको नाम, काउन्सिल दर्ता नम्बर, फोन नम्बर, परीक्षण हुने प्रयोगशालाको नाम र फोन नम्बर उल्लेख भएको हुनुपर्नेछ ।

५. नमूना सङ्कलन गर्दा व्यक्तिको पहिचानको दुइटा आइडेन्टिफायर (नाम र युनिक नम्बर) भिटिएममा उल्लेख गरी नमूना दिनेले समेत प्रमाणित गरेको हुनुपर्नेछ ।

६. सङ्कलन भएको नमूना तीन तहको प्याकेजिङ भण्डारण प्रणालीमा २-८ डिग्री सेल्सियसको तापक्रम कायम गरी कोल्ड बक्समा ढुवानी गर्नुपर्नेछ । नमूना सङ्कलन भएको २ घण्टाभित्र पिसिआर प्रयोगशालामा पुग्नु पर्नेछ ।

७. नमूना सङ्कलन गर्दा बायोसेफ्टी प्रोटोकल पालना गर्नुपर्नेछ तथा नमूना सङ्कलन गर्ने बेलामा उत्सर्जन भएको फोहोर सम्बन्धित प्रयोगशालामा नै ल्याएर तोकिएको मापदण्ड पूरा गरि व्यवस्थापन गर्नुपर्नेछ ।

८. प्रयोगशालाले घरमै नमूना सङ्कलन गर्दा पिसिआर परीक्षणका लागि तोकिएको शुल्कमा अधिकतम रू ५००।– थप गरि लिन पाउनेछ ।